१०८३।६८५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ३४/२०७१/०७२

निर्णय नं. ६९५

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमार ....................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा .........................................१ विपक्षी

विषय :- सूचना दिनु भनिएकोमा पाईंन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमारले ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०७।०२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।२६ को पत्रबाट ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सालाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईंन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईंन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्